# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)

**पत्र संख्या :**
चलानी नं. :

## प्रेश विज्ञप्ति

आज मिति २०७५/०९/२९ गते आइतबार नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) को ३७ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । सभाले आ.व. २०७४/७५ को लेखा परीक्षकको प्रतिवेदनसहितको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह र सोसँग सम्बन्धित अनुसूची उपर छलफल गरी पारित गरेको छ । यसैगरी सभाबाट आ.व. २०७४/७५ सम्मको सञ्चित नाफाबाट सेयरधनीलाई ६६.६७ प्रतिशत सेयर लाभांश (बोनस सेयर) वितरण गर्ने प्रस्ताव पनि पारित भएको छ ।

नेप्सेले आ.व. २०७४/७५ मा ४९ करोड ६७ लाख रुपैयाँ आम्दानी गरेको छ । अघिल्लो आर्थिक वर्षमा नेप्सेले ६५ करोड २४ लाख रुपैयाँ आम्दानी गरेको थियो । व्ययतर्फ नेप्सेले आ.व. २०७३/७४ मा ११ करोड ६२ लाख खर्च गरेकोमा आ. व. २०७४/७५ मा १० करोड ९९ लाख रुपैयाँ खर्च भएको छ । यसबाट नेप्सेले आ.व. २०७४/७५ मा २६ करोड २ लाख रुपैयाँ खुद नाफा आर्जन गरेको छ । यस्तो नाफा अघिल्लो आ.व. मा ३७ करोड २० लाख रुपैयाँ थियो ।

आजै सञ्चालक समितिका अध्यक्ष श्री लक्ष्मण न्यौपानेले नेप्सेका अधिकृतद्वय श्री प्रकाश बहादुर देउवा र श्री तनुजा अर्याललाई दीर्घ सेवा पदक प्रदान गर्नुभयो ।

मिति : २०७५/०९/२९

मुराहरि पराजुली

प्रवक्ता

पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।
P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.
Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538
email : info@nepalstock.com